बैठक नं.१३

आज मिति २०८३/०१/३१ गतेका दिन यस वुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको वैठक वसियो।

समय : दिनको ४:३० बजे ।

स्थान : वुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र वस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | वल बहादुर पुन | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान वहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण वहादुर सुनार | सदस्य | |
| २४ | वसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम वहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

गंगा कुमारी वि.क. का.वा.वडाध्यक्ष - १२

तुल्सी बहादुर चौधरी. का.वा.वडाध्यक्ष - १६

शेर बहादुर थापा, का.वा. वडाध्यक्ष - १९

प्रस्ताव नं १३.१

मिति २०८३/०१/२० मा बसेको नगरकार्यपालिकाको बाह्रौं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं. १३.१

नदीजन्य पदार्थको व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र संक्षिप्त प्राविधिक प्रतिवेदन स्वीकृत गरिएको छ।

- नदीजन्य पदार्थको उत्खनन् एवं संकलन सम्बन्धी कार्ययोजना स्वीकृत गरिएको छ।
- वडा नं.९ स्थित लुम्बिनी वस टर्मिनल भित्र टिकट काउण्टर व्यवस्थापन सम्बन्धमा भएको निर्णय अनुमोदन गरिएको छ।
- नदीजन्य पदार्थको आय ठेक्का बन्दोवस्ती प्रक्रिया अगाडि बढाउने सम्बन्धमा निर्णय लिइएको छ।
- वडा नं १२ र १३ बाट उत्पादन हुने फोहोर सोही वडा भित्रका स्थानहरुमा व्यवस्थापनका सम्बन्धमा निर्णय लिइएको छ।
- वडा नं ४ मा न.पा.को स्वामित्वमा रहेको साविकको शिल्पकला भवन जीर्ण भएकोले हटाउनका लागि आवश्यक निर्णय लिइएको छ।
- मालपोत र नापी कार्यालयहरुबाट सम्पादन हुँदै आएका भूमि प्रशासन एवं व्यवस्थापन सम्बन्धी कार्यहरु सम्पादन गर्ने जिम्मेवारी दिएमा बुटवल उपमहानगरपालिकाले पनि उक्त जिम्मेवारी वहन गर्ने निर्णय भएको र उक्त निर्णय कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध समेत गरी सकिएको छ।
- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका छाडा चौपायाहरु व्यवस्थापनका लागि मिति २०८३/०२/३,४,५,६ र ७ गतेका दिन तोक्ने गरी निर्णय लिइएको छ।
- उपमहानगरपालिकाको सरसफाई नीति र सो सम्बन्धी ऐन निर्माण प्रक्रिया अगाडि बढाउनका लागि आवश्यक निर्णय लिइएको छ।
- सडकपेटी सफाई सम्बन्धी भएको कार्यलाई अनुमोदन गरी उक्त कार्यलाई निरन्तरता दिने निर्णय गरिएको छ।

- बुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं.४,६,७ र ८ हुँदै बग्ने सुखौरा खोलाको क्षेत्राधिकार यकिन गरी अतिक्रमण भएको भएमा खाली गराउने तर्फ आवश्यक प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको छ।
- वडा नं १४ निवासी रामकुमारी थापा मगरको पति खेमबहादुर थापाको पछिल्लो मृत्युदर्ता रद्ध गर्नका लागि जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा सिफारिस गर्ने गरी निर्णय लिइएको छ।
- प्रदेश विशेष र समपुरक अनुदानका आयोजना छनौट गरी प्राथमिकताक्रम तोक्ने गरी भएको निर्णय अनुमोदन गरिएको छ।
- आ.व. ०८३/०८४ को बुटवल उपमहानगरपालिकाको अनुमानित आन्तरिक आयको प्रक्षेपण गरिएको छ।

प्रस्ताव नं १३.२

पढाइसँगै रोजगार कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०८३ माथि छलफल एवं स्वीकृत सम्बन्धमा ।

निर्णय नं १३.२

- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका शिक्षण संस्थाहरुमा स्नातक तह वा सो भन्दा माथिल्लो तहमा अध्यापनरत विद्यार्थीहरुलाई अध्ययनसँगै आय आर्जनको अवसर प्रदान गरी आत्मनिर्भर बनाउने उद्देश्यले कार्यालयबाट तयार भई विधेयक समितिको बैठकमा समेत दफावार छलफल भई आजको नगरकार्यपालिकाको बैठकमा प्रस्ताव भई आएको पढाइसँगै रोजगार कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०८३ माथि दफावार छलफल गरियो । प्रस्तुत कार्यविधि नगरको लागि उपयोगी र आवश्यक समेत भएको हुँदा स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं १३.३

वडा नं १३ स्थित निउरे टोल विकास संस्थालाई जग्गा खरिदका लागि अनुमति दिने सम्बन्धमा ।

निर्णय नं १३.३

- बुटवल उपमहानगरपालिका १३ नं. वडा कार्यालयको सिफारिस तथा निउरे टोल विकास संस्थाको मिति २०८२/१२/१४ को निर्णय तथा १३ नं वडा कार्यालयको च.नं २९५२ मिति २०८२/१२/१५ को सिफारिस समेतका आधारमा टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका,२०७४ (चौंथो संशोधन २०८०)को परिच्छेद १ को ३(३) बमोजिम देहायका विवरण अनुसारको जग्गा वडा नं १३ स्थित निउरे टोल विकास संस्थाको नाममा खरिदका लागि अनुमति दिने निर्णय गरियो ।

| सि नं | वडा नं | टोल विकास संस्था | विक्री गर्ने जग्गा धनीको नाम, कि.नं र कुल जग्गा |
|---|---|---|---|
| १ | १३ | निउरे टोल विकास संस्था | मन्जु न्यौपाने र मिनराज भुसालको संयुक्त नाममा रहेको कि.न.२६४८ को क्षेत्रफल (८८.८९ वर्ग मिटर) ज.वि. ०-०-५.२५-० धुर |

प्रस्ताव नं १३.४

योजनाको म्याद थप सम्वन्धमा ।

निर्णय नं. १३.४

- चालु आ.व.०८२/०८३ का लागि बुटवल उपमहानगरपालिकाको नगरसभाको अधिवेशनबाट स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम र विनियोजन ऐन,२०८२ बाट विनियोजित बजेट र नगरसभाको अठारौं अधिवेशनबाट थप भएका योजना तथा कार्यक्रमहरु संचालन एवं कार्यान्वयनका सन्दर्भमा २०८२ फाल्गुण २१ गतेको सघीय निर्वाचन र सो निर्वाचन प्रक्रिया शुरु हुनु भन्दा अगाडिबाट लागु भएको आचार संहिताका कारण योजना सम्झौता र कार्यान्वयनमा ढिलाइ भएका कारण २०८३ बैशाख मसान्त सम्मका लागि योजना सम्झौताको म्याद तोकिएकोमा यस अवधिमा पनि सम्झौता गर्ने क्रम नसकिएको हुँदा मिति २०८३/०१/२९ मा बसेको पूर्वाधार विकास समितिको बैठकको सिफारिस समेतका आधारमा २०८३ जेठ महिनाको १५ गते सम्मका लागि योजनाको सम्झौता गर्ने म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १३.५

वडा नं १२ को फोहोर व्यवस्थापन केन्द्र सम्बन्धमा ।

निर्णय नं १३.५

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रको वडा नं १२ र १३ को फोहोर दुवै स्थान दुवै वडाहरुले एकमुस्ट रुपमा व्यवस्थापन गर्नका लागि मिति २०८३/०१/२० मा बसेको नगरकार्यपालिकाको बाह्रौं बैठकको निर्णय नं १२.६ बाट उक्त वडा भित्रका स्थानहरु प्रस्ताव गरिएकोमा मिति २०८३/०१/२३ मा बसेको वडा नं.१२ को वडास्तरीय राजनैतिक दलहरु एवं विभिन्न संघ संस्थाहरुको सर्वपक्षीय भेलाबाट बुटवल १२ स्थित चारपाला सामुदायिक वन उपभोक्ता समूहको क्षेत्र K.N.I.T भन्दा ३ कि.मि पछाडि पर्यावरणीय वातावरणीय हिसावले असर नपर्ने गरी स्थायी रुपमा व्यवस्थापन गर्ने र वडा नं १२ र १३ को संयुक्त फोहोर व्यवस्थापनका लागि वडा नं १३ स्थित मिलनपार्क पछाडि वडा नं १२ र १३ को सीमानामा उपयुक्त हुने भनी भएको सहमति १२ नं वडा कार्यालयको प.सं. ०८२/०८३ च.नं ३४१४ मिति २०८३/०१/२५ को पत्रबाट अनुरोध भई आएको हुँदा वडास्तरीय सहमति बमोजिमका उल्लेखित स्थानमा वडा नं १२ र १३ बाट उत्पादित फोहोरको व्यवस्थापन मिलाउने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १३.६

वडा नं १३ को फोहोर व्यवस्थापन केन्द्र सम्बन्धमा ।

निर्णय नं १३.६

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रको वडा नं १२ र १३ को फोहोर दुवै स्थान दुवै वडाहरुले एकमुस्ट रुपमा व्यवस्थापन गर्नका लागि मिति २०८३/०१/२० मा बसेको नगरकार्यपालिकाको बाह्रौं बैठकको निर्णय न.१२.६ बाट उक्त वडा भित्रका स्थानहरु प्रस्ताव गरिएकोमा मिति २०८३/०१/२३ मा बसेको वडा नं १३ को वडाका जनप्रतिनिधिहरु,वडास्तरीय राजनैतिक दलहरु एवं विभिन्न संघसंस्थाहरुको सर्वपक्षीय भेलाबाट उक्त वडाले आफ्नो फोहोर आफै व्यवस्थापन गर्नु पर्ने देखी फोहोर व्यवस्थापनका लागि जितेश्वरी सामुदायिक वन अन्तर्गतको संगम टोल निकट मिलनपार्कको उत्तरतर्फ वडा नं १२ र १३ को सीमानामा रहेको स्थानलाई छनोट गर्ने गरी भएको सहमति १३ नं वडा कार्यालयको प.सं.०८२/०८३, च.नं.३६९२ मिति २०८३/०१/३० को पत्रबाट अनुरोध भई

आएको हुँदा वडास्तरीय सहमति बमोजिमका उल्लेखित स्थानमा वडा नं १२ र १३ बाट उत्पादित फोहोरको व्यवस्थापन मिलाउने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र यो विषय अनुमोदनका लागि आगामी नगरसभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १३.७
बुटवल उपमहानगरपालिका अन्तर्गत मोतीपुर औद्योगिक क्षेत्रको "B"व्लकका सम्बन्धमा ।
निर्णय नं १३.७

बुटवल उपमहानगरपालिका अन्तर्गत मोतीपुर औद्योगिक क्षेत्रको "B" व्लकका सम्बन्धमा बुटवल उपमहानगरपालिका वडा नं १७ र १८ मा छलफल भई उक्त वडाहरुबाट भई आएका निर्णयहरु संलग्न गरी सरोकारवाला सम्बन्धित निकायहरुमा अनुरोध गरी लेखी पठाउने निर्णय गरियो।

प्रस्ताव नं १३.८ : विविध ।
प्रस्ताव नं १३.८.१
सरकारी र सार्वजनिक जग्गामा बनेका भवन संरचनाहरुको सम्बन्धमा ।
निर्णय नं १३.८.१

बुटवल उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रका सरकारी, सार्वजनिक, सडक, कुलो र नाला अतिक्रमण गरी अनाधिकृत रुपमा निर्माण गरिएका संरचनाहरु खाली गराउने सन्दर्भमा नगरप्रमुखज्यूको अध्यक्षतामा बसेको मिति २०८३/०१/१५ गतेको बैठकको निर्णय बमोजिम सम्बन्धित वडाका अध्यक्ष संयोजक रहने गरी देहाय बमोजिमको कार्यदल गठन गरिएको हुँदा सो विषयलाई अनुमोदन गर्ने र हाललाई प्रथम चरणमा देहायका स्थान क्षेत्रहरुको सडक मापदण्ड, भवन मापदण्ड, जग्गाको प्रकृति, नक्सा पासको अवस्था,नाला एवं कुलोहरुको क्षेत्राधिकार मापदण्ड यकिन गर्नका लागि भवन निर्माण महाशाखा र भूमि व्यवस्थापन शाखाको समन्वयमा कार्यदलले वडाहरुको छुट्टाछुट्टै सुझाव सहितको प्रतिवेदन ७ (सात) दिन भित्रमा कार्यपालिका बैठकमा पेश गर्न लगाउने निर्णय गरियो

<u>कार्यदल</u>

- सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक
- भवन निर्माण महाशाखा प्रमुख - सदस्य
- पूर्वाधार विकास महाशाखा प्रमुख - सदस्य
- भूमि व्यवस्थापन शाखा प्रमुख - सदस्य
- राजश्व शाखा प्रमुख - सदस्य

- कानून अधिकृत - सदस्य
- नापी शाखा प्रमुख - सदस्य
- नगरप्रहरी निरीक्षक - सदस्य
- शाखा अधिकृत, भूमि व्यवस्था शाखा - सदस्य सचिव ।

अतिक्रमित क्षेत्र

- वडा नं ४ स्थित सानो गाउँको उच्च अदालत तुल्सीपुर, बुटवल इजलाशको नामको जग्गा सम्बन्धमा ।
- वडा नं ४ स्थित शोभा बोर्डिङ्गले चर्चेको जग्गा सम्बन्धमा ।
- वडा नं ८ स्थित श्रवणपथ सम्बन्धमा ।
- वडा नं.८ स्थित मिलनपथ सम्बन्धमा ।
- वडा नं ४,६,७ र ८ स्थित सुखौरा खोला सम्वन्धमा ।
- वडा नं ५,६,९ र ११ स्थित १६/३६ कुलो सम्वन्धमा ।
- वडा नं ११ स्थित रंगशाला पथ सम्बन्धमा ।
- वडा नं ११ बुद्धनगर स्थित बुद्धपथ सम्बन्धमा ।

प्रस्ताव नं १३.८.२

निकासद्वार निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं १३.८.२

बुटवल उपमहानगरपालिका वडा नं ९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा बहुतले पार्किङ्ग भवन निर्माण गर्नु पर्ने भएको हुँदा तोकिएको स्थानमा पर्ने बस टर्मिनलको उत्तर तर्फका दुई स्थान इट्टाभट्टी र सिद्धार्थ राजमार्ग तर्फ रहेका दुई वटा सवारी साधन निकासद्वारबाट सवारी साधन निकाल्न सहज नहुने भएकोले उक्त दुई वटै निकासद्वारलाई बन्द गर्ने तथा बस टर्मिनलको पूर्व तर्फ रहेको ठूलो होडिङ्गबोर्ड हटाई उक्त स्थानमा सवारी साधन निकासद्वार निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १३.८.३

लुम्बिनी बस टर्मिनल भित्रको पुराना भवन संरचना र टहरा हटाउने सम्बन्धमा ।

निर्णय नं १३.८.३

बुटवल उपमहानगरपालिका वडा नं ९ स्थित लुम्बिनी बस टर्मिनल हाता भित्र बहुतले पार्किङ्ग भवन निर्माण गर्ने गरी विधि सम्मत तरिकाले प्रक्रिया अगाडि बढेको हुँदा उक्त परिसर भित्रका साइट क्लियर गर्नु पर्ने भएकोले बहुतले पार्किङ्ग निर्माण स्थलमा पर्ने

टिकट काउण्टर भवन सहितका देहाय बमोजिमको विवरण भएका पुराना भवन संरचना र टहराहरु हटाउने तर्फ आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

देहाय

| सि.नं | सटर कोठा विवरण | पसलको किसिम | कैफियत |
|---|---|---|---|
| १ | सूचना केन्द्र सेड कोठा नं. १ | किराना, कोल्ड ड्रिक्स | |
| २ | सूचना केन्द्र सेड कोठा नं.२ | किराना, कोल्ड ड्रिक्स | |
| ३ | सूचना केन्द्र सेड कोठा नं.३ | किराना, कोल्ड ड्रिक्स | |
| ४ | सूचना केन्द्र सेड कोठा नं.४ | कोल्ड ड्रिक्स | |
| ५ | सूचना केन्द्र सेड कोठा नं.५ | कोल्ड ड्रिक्स तथा किराना | |
| ६ | सूचना केन्द्र सेड कोठा नं.६ | नास्ता पसल | |
| ७ | श्री एभरेष्ट होटेल | नास्ता पसल | |
| ८ | मोबाईल मर्मत | मोबाईल मर्मत | |
| ९ | किराना | किराना पसल | |
| १० | होटेल | नास्ता पसल | |
| ११ | तारा होटेल | नास्ता पसल | |
| १२ | गाडी सर्भिस | टायरमा हावा भर्ने | |
| १३ | टंकी | किराना कोल्ड ड्रिक्स | |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनुभयो ।